खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था : २०७३

# खिजीदेम्बा गाउँपालिकाका अध्यक्ष श्री गम्बु शेर्पाज्यू ले गाउँपालिका गाउँसभाको १४औं अधिवेशनमा प्रस्तुत गर्नुभएको खिजीदेम्बा गाउँपालिकाको

## आ.व. २०८०/०८१

## को

## नीति तथा कार्यक्रम

**खिजीदेम्बा गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

खिजीफलाटे, ओखलढुंगा

**८ असार २०८०**

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था : २०७३

# खिजीदेम्बा गाउँपालिका

## आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

**आदरणीय गाउँपालिका उपाध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

यस गरिमामय सभामा खिजीदेम्बा गाउँपालिकाको अध्यक्षको हैसियतले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुशी छु र मैले आफूलाई गौरवान्वित महशुस गरको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रको प्राप्तिका लागि विभिन्न कालखण्डमा राजनीतिक व्यवस्था परिवर्तनमा भएका जनआन्दोलन, मधेश तथा जनजाति आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै यस गाउँकार्यपालिकाको नीति तथा कार्यक्रम तर्जुमाको क्रममा महत्वपूर्ण सल्लाह, सुझाव दिएर सहयोग पुऱ्याउनु हुने आमा, बुबा, दाजु,भाइ तथा दिदी, बहिनी तथा विभिन्न संघ, संस्थाका सहजकर्ता साथीहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

मिति २०७९ बैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनद्वारा निर्वाचित भएपश्चात आ.व. २०७९/०८० को कार्यकाल पूर्ण गरेका छौं । यसै बीच देशमा संघ तथा प्रदेशको आमनिर्वाचन सम्पन्न भै संघीय सरकार र प्रदेश सरकारहरु समेत गठन भैसकेको कुरा सर्वविदित नै छ ।

सुन्दर, समुन्नत र समृद्ध खिजीदेम्बा निर्माण गर्ने गाउँवासीहरुको चाहना तथा हामीले निर्वाचनमा मतदाताहरु समक्ष गरेका प्रतिज्ञाहरु पूरा गर्ने दिशामा हामलि आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि सीमित स्रोत साधनको अधिकतम उपयोग गर्दै आगामी आर्थिक वर्षलाई खिजीदेम्बाको दीगो विकासका लागि राष्ट्रिय लक्ष्यहरुलाई स्थानीयकरण गर्दै गुणस्तरीय पुर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान तथा परिचालन गरी समावेशी, जलवायु उत्थानशील र दीगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध खिजीदेम्बा सुखी खिजीदेम्बावासीको लक्ष्य हासिल गर्न दीगो विकासका लागि सार्वजनिक, निजीक्षेत्र, गैर सरकारी संघ संस्था र समुदायसंगको साझेदारीलाई प्राथमिकता दिइनेछ ।

मुलुकले खेपेको कोभिड-१९ महामारी र लकडाउनको पिडा विर्सन नपाउदै हाल मुलुक आर्थिक मन्दीको विषम परिस्थितिबाट गुज्रिरहेको कुरा सर्वविदितै छ । यस परिस्थितिमा पनि खिजीदेम्बा गाउँपालिकालाई स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको रुपमा विकास गरी पर्यटकीय रुपमा उत्कृष्ट गन्तव्य, श्रम संस्कार तथा उत्पादनशील स्थानीय अर्थतन्त्र र व्यवस्थित विकासका पुर्वाधारलाई यस नीति कार्यक्रमको प्रमुख प्राथमिकताका रुपमा अघि सारिएको छ ।

### १. विद्यमान परिवेशः

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारी र लकडाउनका कारण थलिएको अर्थतन्त्र विश्व राजनीतिक द्वन्दबाट सिर्जित रुस युक्रेन युद्धका कारण विश्व बजारमा परेको आर्थिक मन्दीको चपेटाबाट नेपाल पनि अछुतो रहन सकेन र हाल सिँगो देशवासी आर्थिक मन्दीको विषम परिस्थितिबाट गुज्रिरहेका छौं ।

यसबाट संघीय सरकारको राजश्व परिचालनमा पर्न गएको असरका कारण स्थानीय तहले पाउनु पर्ने वित्तिय हस्तान्तरणमा नकरात्मक असर परेको कुरा यहाँहरुमा विदितै छ । नेपाल विकासशील मुलुकको श्रेणीमा उक्लिने लक्ष्य राख्दै गर्दा देशमा भएका दैनिक २ देखि ३ हजार युवा जनशक्तिहरु रोजगारीको खोजीमा विदेशिने गरेको कुरा सबैलाई थाहा नै छ । यसबाट खिजीदेम्बा पनि अछुतो रहने कुरा भएन । देशको युवा जनशक्ति विदेशिनुको कारणले आन्तरिक रुपमा स्थानीय तहमा युवा जनशक्तिको अभाव एकातिर छ भने हामीले पनि स्थानीय रुपमा युवा जनशक्तिका लागि पर्याप्त रोजगारी सिर्जना गरी देशको उर्जाशील युवा जनशक्ति लाई स्वदेशमै रोक्न सकिरहेका अवस्था छैन ।

यसका लागि हामीले स्थानीय तहमा आफ्नै गाउँघरमा आन्तरिक रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना गरी गाउँघरको बसाई लाई व्यवस्थित र आकर्षक बनाउने कार्य चुनौतीपूर्ण छ । यो हाम्रो मात्र नभएर राष्ट्रिय रुपमै साझा चुनौतीको विषय हो ।

आर्थिक मन्दीको यस्तो विषम परिस्थितिमा पनि हाम्रो अर्थतन्त्रलाई सिर्जनशील क्रियाकलाप मार्फत पुनर्उत्थान गर्ने उद्देश्यकासाथ तिब्र रुपमा दीगो विकास गरी समृद्ध र समुन्नत खिजीदेम्बाको लक्ष्य हासिल गर्ने दायित्व हामीलाई छ । यसका लागि स्थानीय आर्थिक विकासका कार्यक्रमहरुमा विशेष जोड दिदै आन्तरिक रोजगारी तथा स्वरोजगारका क्षेत्रहरुलाई प्रोत्साहन गरी स्थानीय वस्तु तथा सेवा क्षेत्रको विकासलाई प्रभावकारी बनाउनु अपरिहार्य छ ।

स्थानीय सरकारको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै आम जनमानसमा सुशासनको अनुभूति गराउन गाउँपालिकाको जनशक्तिमा क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय शासन प्रणालीलाई अझ प्रभावकारी बनाइने छ ।

**२. खिजीदेम्बाको विकास तथा समृद्धिको अवसर र चुनौती**

**खिजीदेम्बा गाउँपालिकाको विद्यमान अवसरहरु**

खिजीदेम्बाको विकास गर्न हाम्रोसामु देहायका अवसरहरु छन् ।

(क) संविधानले प्रदान गरेका अधिकारहरुको उपयोग र कार्यन्ययन,

(ख) स्थानीय तहको दोस्रो निर्वाचन पछिको दोस्रो कार्यकाल सुरु भैरहदा हामीमा अझ अनुभवी र परिपक्व भएका छौं ।

(ग) स्थानीय तहको अधिकारको सदुपयोग गर्दै स्थानीय विकासलाई सिर्जनशील र व्यवस्थित गर्ने

(घ) खिजीदेम्बाको भौगोलिक र साँस्कृतिक विविधतालाई भौगोलिक र साँस्कृतिक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने

(ङ) खिजीदेम्बाको कृषि क्षेत्र रसायनिक रहित अर्गानिक उत्पादन हुनु र यसको बजार संभाव्यता हुनु

(च) खिजीदेम्बाका सबै वडामा सडक सञ्जालको विस्तार हुनु, प्राय सडकहरु नियमित चल्ने अवस्थामा हुनु

(छ) खिजीदेम्बा देशकै १०० पर्यटकीय गन्तव्य मध्येमा पर्नु,

(ज) खिजीदेम्बामा भएको खिजीचण्डेश्वरी एयरपोर्ट सञ्चालन गरी यसबाट माउन्टेन फ्लाइट सञ्चालनको संभाव्यता रहेको,

(झ) स्थानीय प्राकृतिक श्रोतहरु, वन जन्य जडीबुटीहरु प्रशस्त हुनु

**३. खिजीदेम्बा गाउँपालिकाको विद्यमान चुनौतीहरुः**

हाम्रा सामु देहाय अनुसारको चुनौतीहरु रहेका छन् ।

(क) सीमित बजेट बाट असीमित आवश्यकताहरु पूरा गर्नुपर्ने

(ख) खिजीदेम्बाको विकासका पुर्वाधार, सडक सञ्जालहरु कच्ची हुनु

(ग) स्थानीय कृषिजन्य उत्पादनहरुले पर्याप्त बजार लिन नसक्नु

(घ) गाउँघरका युवा जनशक्तिहरु विदेशिने र बाहिरिने क्रमले स्थानीय जनशक्तिको अभाव देखिनु

(ङ) पर्यटकीय विकासका लागि पर्याप्त मात्रामा पुर्वाधारका विकासहरु नहुनु

(च) कृषिजन्य जग्गा जमिनहरु बाँझो छोड्ने क्रम बढ्नु

(छ) सूचना तथा सञ्चार प्रविधिको उपलब्धता गुणस्तरीय र सहज नहुनु,

(ज) गाउँपालिकामा भएका पुर्वाधार संरचनाहरुको प्रभावकारी मूल्यांकन तथा उपयोग सम्बन्धी योजना तयार गरी कार्यन्वयन गर्नु

(झ) स्थानीय स्तरमै पर्याप्त स्वरोजगारका क्षेत्रहरु विकास गरी पर्याप्त रोजगारी सिर्जना गर्नु

(ञ) प्राकृतिक श्रोतहरु ढुंगा, रोडा, गिट्टी तथा बनजन्य जडीबुटीहरुको चोरी पैठारी नियन्त्रण गरी पर्याप्त र सही रुपमा सदुपयोग गर्नु ,

**३. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दीगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा खिजीदेम्बा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको

इतिहासलाई अक्षुण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ ।

खिजीदेम्बा गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ । जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

## ४. चालु आ.व. को हालसम्मका उपलब्धीहरु

### (क) भौतिक पुर्वाधार विकास

चालु आर्थिक वर्षमा खिजीदेम्बा गाउँपालिकामा लिखु भुसिँगा सडक पहिलो चरणको कालोपत्रे (१ कि.मि.) यस आ.व. मा सम्पन्न हुनेछ । आवश्यक स्थानमा सडक स्तरोन्नति तथा खोला खोल्सीहरु ह्युम पाइप जडान तथा कज वे निर्माण भै नियमित सूचारु हुने भएको छ । ९ वटै वडामा गाउँपालिका केन्द्र खिजीफलाटे बजार सम्म नियमित रुपमा आवत जावत हुने गरी सडक स्तरोन्नति भएको छ ।

५ शैयाको खिजीदेम्बा आधारभूत अस्पताल निर्माण सम्पन्न भै सञ्चालनमा आएको, प्रसुति सेवा सहितको चण्डेश्वरी अस्पताल निर्माण सम्पन्न भएको छ । गाउँपालिकाको प्रशासकीय भवन यही आ.व. मा सम्पन्न हुने तरखरमा रहेको, ६ वटा वडा कार्यालय भवनहरु सम्पन्न हुने चरणमा रहेको, ट्रस पुल तथा झोलुङ्गे पुल निर्माण भै सम्पन्न भएको ।

खिजीफलाटे देखि चर्नालु हिले सडक र खिजीचण्डेश्वरी, खिजीकाती हुँदै रावादोलु, भुसिँगा सडक निर्माण तथा स्तरोन्नतिको काम यसै आर्थिक वर्षभित्र सम्पन्न हुने चरणमा रहेको ।

खिजीदेम्बा गाउँपालिकाभित्र केन्द्रीय विद्युत प्रसारण लाइन जडान गरी वडा नं २ को नस्पु टोलमा अन्दाजी ७० घरपरिवार ले विद्युत सेवा लिएको, अन्य स्थान तथा वडाहरुमा विद्युत प्रसारण लाइन जडान गर्ने चरणमा रहेको ।

### (ख) खानेपानी तथा सिँचाई

खिजीदेम्वा गाउँपालिकामा चालु आ.ब.२०७९/८० मा स्वीकृत बजेट अनुसार गाउँपालिका सबै वडामा संचालित खानेपानी आयोजना निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ । ९ वटै वडा भरी जम्मा १४ वटा खानेपानी आयोजना मर्मत कार्य सम्पन्न भएको र ७ वटा नयाँ निर्माण आयोजनाको कार्य सम्पन्न भएको छ । साथै गाउँपालिका स्तरबाट विभिन्न साइजको जम्मा ९३०० मिटर पोलिथिन पाइप खरीद गरी अति आवाश्यक परेको वडा तथा आयोजनामा वितरण सम्पन्न गरिएको छ । सम्पुर्ण आयोजनाको काम प्राविधिक लगत इस्टिमेट अनुसार समयमै सम्झौता गरी कार्य सम्पन्न भएको छ ।

खिजीदेम्बा गाउँपालिकामा चालु आर्थिक वर्षमा सञ्चालित साना सिँचाई कार्यक्रम अन्तरगत संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको संयुक्त लगानीमा माने खोला माझ गाउँ सिँचाई आयोजना र तथा पेलु खोला सन्जाबारी साना सिँचाई आयोजना सम्पन्न भएको छ। साथै वडागत रुपमा पनि अन्य सिँचाई आयोजनाहरुको मर्मत तथा निर्माण सम्पन्न भएका छन्।

**(ग) सामाजिक विकास** (विभिन्न संघ संस्थारुसाग समन्वय) गरी गरिएको

सामाजिक विकास तर्फ खिजीदेम्बा गाउँपालिकामा सकृय रहेका संघ संस्थाहरुसंगको समन्वयमा अपाङ्गता भएका व्यक्तिहरुको सवलीकरण, स्वरोजगारीका लागि सीप विकास, स्वास्थ्यका लागि आर्थिक सहायता तथा शिक्षा एवं रोजगारीका साथै सामाजिक द्वन्द व्यवस्थापनका क्षेत्रमा व्यापक रुपमा कार्यहरु गरिएका छन्।

**(घ) शिक्षा**

खिजीदेम्बा गाउँपालिकामा शिक्षा ऐन संशोधन गरी यसको कार्यन्वयन गरिएको छ। हरेक महिना प्र.अ. बैठक बसी विद्यालयको अवस्था बुझ्ने र समिक्षा गरी शैक्षिक गुणस्तरमा थप प्रभावकारी बनाउन निरन्तर छलफल गर्ने गरिएको छ।

खिजीदेम्बा गाउँपालिकामा यसै आर्थिक वर्षमा मातृभाषामा पठनपाठनका लागि कानून तर्जुमा गरिएको छ।

खिजीदेम्बा गाउँपालिका भित्रका विद्यालयहरुमा बेला बेलामा शैक्षिक पद्धतिको अवस्था बुझ्न अनुगमन गरिएको छ। शिक्षा क्षेत्रको नियमित कार्यहरुको सूचारु गर्न शैक्षिक क्यालेन्डर निर्माण गरी कार्यन्वयन गरिएको छ।

कक्षा १ देखि ३ सम्म विद्यार्थी पोर्टफोलियो निर्माण गरिएको छ। कक्षा १ देखि कक्षा ९ सम्म पालिका स्तरीय परिक्षालाई व्यवस्थित गरी प्रश्नपत्र निर्माण गरी परिक्षा सञ्चालन गरिएको छ।

खिजीदेम्बा गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरु बीचमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना गरी सफलतापूर्वक सम्पन्न गरिएको छ।

फूलमती मा. वि. र बुद्ध आ. वि. बौद्धमा राष्ट्रपति शैक्षिक गुणस्तर कार्यक्रम अन्तर्गथ आइसिटी ल्याव व्यवस्थापन गरिएको छ। हिमगंगा मा. वि. मा विज्ञान प्रयोगशाला र जनता आ. वि. दोराखर्कमा आइसिटी ल्याब स्थापना गरिएको छ।

**(ङ) स्वास्थ्य**

खिजीदेम्बा गाउँपालिकामा आर्थिक वर्ष २०७९/८० मा विभिन्न रोगहरुको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य सेवा प्रदान गर्नुका साथै ल्याब तथा एक्सरे सेवा समेत निःशुल्क प्रदान गरिएको छ।

खिजी फलाटे र खिजीचण्डेश्वरी स्वास्थ्य चौकीमा बाह्रै महिना र अन्य स्वास्थ्य चौकीहरुमा प्रत्येक चार महिनामा घुम्ती सेवा मार्फत गर्भवती महिलाहरुलाई निःशुल्क अल्ट्रासाउन्ड सेवा प्रदान गरिएको छ।

खोप तथा स्वास्थ्य सरफाई प्रवर्द्धन अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरी सम्पूर्ण बालबालिकाहरुलाई खोप लगाउने कार्यलाई सुनिश्चितता गरिएको छ।

खिजीफलाटे स्वास्थ्य चौकीमा मेडिकल अधिकृतको व्यवस्था गरिनुका साथै ल्याब, एक्सरे, अल्ट्रासाउन्डर, इसिजि एवं उपचारात्मक सेवा प्रदान गरिएको छ।

शंकास्पद क्षयरोगका विरामीहरको पहिचानका लागि घुम्ती सेवा मार्फत नमूना खकार संकलन गर्नुका साथै उपचारात्मक स्वास्थ्य शिक्षा प्रदान गरिएको छ ।

खिजीदेम्बा गा.पा. मा रहेका बर्थिङ सेन्टरहरुबाट आ. व. २०७९/८० को जेठ मसान्तसम्म ८८ जना गर्भवती महिलालाई निःशुल्का प्रसुति सेवा प्रदान गर्नुका साथै जटिलता उत्पन्न भएका गर्भवती महिलालाई प्रेषणका आधारमा प्रसुति सेवाका लागि विभिन्न अस्पतालमा लैजान निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको ।

६ महिना देखि ५ वर्षसम्मका बालबालिकाहरुको पोषण स्थिति मापन गरी १३ जना कुपोषित बालबालिकाहरुलाई पोषण आहार वितरण गरी नियमित रुपमा पोषणयुक्त आहार वितरण गरी बालबालिकाको पोषण सुधारमा विशेष ध्यान दिइएको छ ।

खिजीदेम्बा गा.पा.मा रहेका आधारभूत तहका विद्यार्थीहरुको स्वास्थ्य परिक्षण गर्नुका साथै स्वास्थ्य शिक्षा पदान गरिएको छ ।

चालु आ.व.को असोज/कार्तिक महिनामा गा.पा. तथा तिलगंगा प्रतिष्ठानको संयुक्त आयोजनामा निःशुल्क आँखा शिविर सञ्चालन गरी १४८० जनाको आँखा परिक्षण गरिनुका साथै ६५ जनाको मोती विन्दु र ३ जनाको आँखामा मासु पलाएका विरामीको निःशुल्क अप्रेसन सेवा दिनुका साथै निःशुल्क औषधि वितरण गरिएको छ ।

**(च) खेलकूद**

विद्यालय स्तरमा नियमित रुपमा हुदै आएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सफलता पुर्वक सम्पन्न गरिएको,

खिजीदेम्बा गाउँपालिका वडा नं. ४ को सञ्जाबारीमा र वडा नं. ६ को हातेमा खेलकूद मैदान निर्माण सम्पन्न भएको, वडा ६ स्थित हाते खेलकूद मैदानमा जिल्ला स्तरीय पशी शेर्पा ट्रष्ट भलिबल प्रतियोगिता आयोजना गरी सम्पन्न भएको,

विभिन्न वडाहरुमा खेलकूद कार्यक्रमहरु सम्पन्न भएको ।

**(छ) आर्थिक विकास**

खिजीदेम्बाको पर्यटन विकास र प्रवर्द्धनका लागि वृत्तचित्र निर्माण गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचार-प्रसार गर्ने गरी नेपाल पर्यटन बोर्डमा वृत्तचित्र प्रकाशन गरिएको ।

पर्यटकीय विकासका लागि नयाँ पर्यटकीय पदमार्गको रुपमा पोकली झर्ना चिलिम डाँडा, लाम्जे बौद्ध चुलीथान गौरीवन, दोबाटे भन्ज्याङ खिजीचण्डेश्वरी खिजीफलाटे, चुप्लु, थोलेदेम्बा हुँदै आधारशिविर सम्म पदमार्ग घोषणा गरिएको ।

पर्यटन विकासका लागि गल्फ खेलको संभाव्यता अध्ययन तथा परिक्षण सर्वेक्षण गरी सो को वृत्तचिध समेत प्रकाशन गरिएको,

कृषि क्षेत्रको विकासका लागि खिजीदेम्बाको स्थानीय उत्पादनको बजारीकरणका लागि विभिन्न कृषिजन्य संघ, संस्थाहरुसँग समन्वयको लागि संभाव्यता बारे छलफल भएको,

**(ज) कृषि/पशु**

कृषकहरुलाई आवश्यक सिजन अनुसारको विभिन्न विउ विजन वितरण गरिएको,

कृषि जन्य उत्पादनमा टेवा पुर्‍याउन कृषकहरुका लागि विभिन्न किटनाशक औषधि वितरण गरिएको,

खिजीदेम्बा गाउँपालिकामा दलहन बाली खेती विस्तारका लागि कृषकहरुलाई विउ विजन, सामग्री वितरण तथा तालिम सचालन गरिएको,

बैंक तथा वित्तिय संस्थाहरुबाट कृषकहरुलाई कृषि व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गरिएको,

कृषकहरुलाई आवश्यक प्राविधिक सीपको परामर्श प्रदान गरिएको ।

**(झ) वन, वातावरण तथा जलवायु:**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता एवं जलाधार संरक्षण तथा व्यवस्थापनका खातिर यसबाट प्राप्त हुने जडीबुटी, काठ तथा दाउराको व्यवस्थित उपयोग तथा पर्यापर्यटनका विस्तारलाई व्यवस्थित गरिएको ।

सामुदायिक वनहरुलाई व्यवस्थित गर्दै संरक्षित वन उपयोगिताको नीतिको दायरामा रही वैज्ञानिक वन उपयोगको नीति अवलम्बन गरिएको ।

**(ञ) सुशासन तथा संस्थागत विकास एवं कानूनी व्यवस्था :**

खिजीदेम्बा गाउँपालिकामा यसै आ.व. मा देहाय अनुसारका ऐन, नियम तथा कार्यविधिहरु र मापदण्डहरु तर्जुमा गरी बनाइएका छन् :

अनाथ तथा बृद्धबृद्धाहरुको हक रक्षा तथा संरक्षणका लागि आमा घर सञ्चालन कार्यविधि निर्माण गरिएको

खिजीदेम्बाको वाङ्मय विकासका लागि खिजीदेम्बा वाङ्मय प्रतिष्ठान ऐन निर्माण गरिएको छ ।

खिजीदेम्बा गाउँपालिकामा स्थानीय स्तरमा सरकारी कामकाजमा भाषा प्रयोग सम्बन्धी नीति बनाइएको छ ।

खिजीदेम्बा गाउँपालिकामा सथानीय सेवामा कार्यरत कर्मचारीको तहवृद्धि सम्बन्धी निर्देशिका/कार्यविधि बनाइएको छ ।

खिजीदेम्बाको विकासका लागि खिजीदेम्बा गाउँपालिकाको आवधिक रणनीतिक कार्ययोजना तथा कार्यन्वयन तालिका २०७९-२०८४ तयार पारिएको छ ।

खिजीदेम्बा गाउँपालिकामा भू-वर्गीकरण गरी कार्यन्वयनमा ल्याइएको छ ।

खिजीदेम्बा गाउँपालिकाको रणनीतिक योजनाको सर्वेक्षण गरी आवधिक योजना कार्यन्वयनका लागि कार्यविवरण तयार गरी कार्यन्वयनका लागि सांगठनिक रुपमा जनशक्तिको परिचालन गरिएको छ ।

खिजदिम्बा गाउँपालिकाले गत आ.व. को संस्थागत क्षमता स्वमूल्यांकन (लिजा) मा ६२.२५ अंक प्राप्त गरेको छ ।

राजश्व सुधार कार्ययोजनामा सुधार भएको छ । आन्तरिक राजश्व स्रोतको दायरामा बृद्धि भएको छ ।

**(ट) रोजगार**

खिजीदेम्बा गाउँपालिका रोजगार सेवा केन्द्रबाट खिजीदेम्बा गाउँपालिकाको ९ वटै वडामा गरी जम्मा १६ वटा रोजगार आयोजनाहरु सञ्चालन भएका छन् । ८०० सूचीकृत बेरोजगारहरुमध्ये ४५२ जनाले औषतमा १६ दिनको रोजगारी पाएका छन् ।

## ५. आगामी आ.व.का प्रमुख नीति तथा कार्यक्रमहरु

सभा अध्यक्ष महोदय,

सभाका सदस्य ज्यूहरु,

अब म आ.व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

### ५.१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

#### (क) शिक्षा

शिक्षा नीति अन्तरगत विद्यालयहरुमा स्थानीय पाठ्यक्रममा पठनपाठन सुरु गरिने छ । शिक्षकहरुलाई नियमित रुपमा आइसिटी तालिम सञ्चालन गरिनेछ । चण्डेश्वरी क्याम्पसलाई अनुदानको व्यवस्था मार्फत स्तरोन्नति तथा भौतिक पुर्वाधार सम्पन्न बनाइने छ । सबै विद्यालयमा पुस्तकालय, कम्प्युटर तथा विज्ञान प्रयोगशाला स्थापना गर्ने नीति अपनाइने छ ।

सामुदायिक विद्यालय कर्मचारीहरु तथा बाल विकास सहयोगीको तलब नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक दर अनुसार उपलब्ध गराउने नीति कार्यन्वयन गरिनेछ । स्थानीय पाठ्यक्रमलाई कार्यन्वयन गरी विद्यालय शिक्षामा समावेश गर्न पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक तयार गरिनेछ ।

वास्तविक जीवनमा प्रयोग हुने व्यवहारिक तथा जीवनपयोगी सीपमा आधारित पाठ्यक्रम विकास गरी नमूना विद्यालय निर्माण सुरु गरी सबै विद्यालयमा सो पाठ्यक्रम अनुसारको पठनपाठनको व्यवस्था गरिनेछ । विद्यालय बाहिर रहेका र बीचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पूरा गर्न प्रोत्साहन गरिनेछ । सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिने छ ।

विद्यालयहरुको भौतिक पुर्वाधार निर्माण बालबालिकामैत्री तथा अपाङ्गमैत्री संरचना निर्माण गरिनेछ । सबै विद्यालयमा विद्युतीय हाजिरी प्रणाली जडान गरी अनिवार्य कार्यन्वयन गरिनेछ । विद्यालय व्यवस्थापन समिति, बालकक्षा र कार्यालय सहयोगीलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

शैक्षिक प्रणालीमा रुपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठन व्यवस्थापन, अतिरिक्त कृयाकलाप व्यवस्थापन, शैक्षिकपात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय अभिभावक बीचको सञ्चार व्यवस्थापन, अनलाईन शिक्षण तथा सिकाई र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (इएमआइएस) लागु गर्ने नीति अवलम्बन गरिनेछ ।

#### (ख) स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

खिजीदेम्बा आधारभूत अस्पताललाई प्रविधियुक्त सम्पन्न बनाउने र चिकित्सकीय सेवा र प्रयोगशाला सुधार गरी सुविधा सम्पन्न अस्पतालको रूपमा विकास गरिनेछ र आगामी आ.व.बाट पूर्ण रुपमा सञ्चालनमा ल्याइनेछ ।

आँखाको प्राथमिक उपचारलाई व्यवस्थित गर्न खिजीदेम्बा आँखा केन्द्रलाई अझ व्यवस्थित गरिनेछ । सामुदायिक विद्यालयहरुम शिक्षक तथा विद्यार्थीहरुलाई आँखा जाँच तथा चश्मा वितरण गरिनेछ ।

बर्थिङ्ग सेन्टरहरुको सेवा स्तरोन्नति गरिनेछ । मातृशिशुको सम्मान स्वरुप पौष्टिकयुक्त खानेकुरा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनुका साथै गर्भवती महिलालाई मल्टीभिटामिन निःशुल्क दिइनेछ । जटिलता भएका गभवती महिलालाई प्रेषणका आधारा निःशुल्क एम्बुलेन्स सेवा दिइनेछ ।

खोप कार्यक्रम, पोषण कार्यक्रम, सुरक्षित मातृत्व, स्वास्थ्य शिक्षा लगायतका कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरी प्रतिकारात्मक, प्रवर्द्धनात्मक एवं उपचारात्मक सेवामा गुणस्तरीय सुधार ल्याइनेछ । दीर्घ रोगी तथा मानसिक समस्या भएका नागरिकहरुलाई निःशुल्क औषधि सम्बन्धित विरामीको घरमा उपलब्ध गराइनेछ ।

क्षेयरोग, छारे रोग, मुटु, नाक, कान, घाँटी लगायतका रोगको पहिचान र उपचार शिविर सञ्चालन गरिनेछ । नियमित घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरी उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ ।

महिला स्वयंसेविकाहरुको दक्षता विकास गर्न तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ । स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ । स्वास्थ इकाईहरुले प्रदान गर्ने आधारभुत सेवाहरुलाई प्रभावकारी बनाइनेछ ।

किड्नी, स्पाइल इन्ज्युरी, क्यान्सरका दीर्घ रोगीहरुलाई नेपाल सरकारले तोकेको औषधि उपचार खर्च उपलब्ध गराइनेछ ।

**(ग) संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

खिजीदेम्बा गाउँपालिकालाई खुल्ला बहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न खिजीदेम्बा सांस्कृतिक संग्रहालय ऐन २०७९ निर्माण गरी सकिएको छ । बहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने परम्परागत वास्तुकला, मूर्तिकला, चित्रकला, तथा स्थानीय कला। संस्कृति झल्किने चित्रहरू तथा कलाहरु यस संग्रहालयमा संग्रहित गर्न पहल गरिनेछ ।

खिजीदेम्बा गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ । खिजीदेम्बा गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी प्रदर्शनका लागि प्रोत्साहन गरिनेछ ।

खिजीदेम्बा साँस्कृतिक संग्रहालयको निर्माण अगाडि बढाइने छ । पाण्डव सुनुवारको सालिक र पार्क निर्माण गर्न पहल गरिनेछ । कला, साहित्यको प्रतिभा पहिचान सम्बन्धी कार्यक्रम नियमित रुपमा सञ्चालन



गम्बु शेर्पा
...पालिका अध्यक्ष

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
२०७३

गरिनेछ । स्थानीय संस्कृतिलाई आन्तरिक तथा बाह्य पर्यटनको आकर्षणको रुपमा प्रवर्द्धन गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**घ. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिई खेलाडी उत्पादन गरिनेछ । अन्य खेलकुदको विकास गर्न खेलकुद मैदान लगायतका पूर्वाधारहरू निर्माण तथा मर्मत सम्भार गरिनेछ । प्रदेश सरकार सँगको साझेदारीमा पशी शेर्पा ट्रष्ट खेल मैदानलाई प्रदेश स्तरीय खेलमैदानको रुपमा स्तरोन्नति गरिनेछ । खिजीदेम्बा गाउँपालिकामा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ ।

खिजीदेम्बा गाउँपालिकामा प्रचलनमा रहेका परम्परागत खेलहरूलाई पर्यटकीय आकर्षणको रूपमा विकास गर्न परम्परागत खेलकूदहरूको संरक्षण तथा प्रवर्द्धनमा जोड दिइनेछ । परम्परागत लगायतका प्रचलित खेलकूद प्रवर्द्धनका लागि पुरस्कार राशीहरु स्थापना तथा दीगो व्यवस्थापनमा जोड दिइनेछ ।

वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सीप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रमसंग आवध्द गरिनेछ । युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ । युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

**ङ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ ।

ऐतिहासिक कालदेखि दलित तथा शिल्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजी लगानी सहयोग गरिनेछ । अपाङ्गता असहाय पुनःस्थापनाको लागि आमा घर निर्माण गर्न पहल गरिनेछ ।

विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइ सघन रूपमा परिचालन गरिनेछ । खिजीदेम्बा गाउँपालिकालाई सडक मानव मुक्त गाउँपालिका बनाइनेछ । यसका लागि सेल्टर होमको व्यवस्था गरिनेछ । हिंसा पिडित महिला तथा बालबालिकाको लागि संकट व्यवस्थापन तथा कानूनी सहायताका लागि राहत कोष स्थापना गरिनेछ । "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ । घरेलु हिंसा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ । गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ ।



ङ्गन्छु शेर्पा
...लिका अध्यक्ष

गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाल गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ । हरेक वडामा एउटा बाल उद्यान निर्माण गर्न पहल गरिनेछ । गाउँपालिकालाई बालमैत्री बनाउन सबै वडाहरुलाई आ.व. २०८०/८१ भित्र बालमैत्री वडा घोषणा गर्न पहल गरिनेछ ।

**च. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

खिजदेम्बा गाउँपलिकाको स्थानीय आर्थिक विकासलाई योजनावद्ध रूपमा कार्यान्वयन गर्न यस स्थानीय वस्तु वा सेवाको पहिचान गरी प्रतिस्पर्धात्मक एवं सहभागितामूलक रूपमा ती वस्तु वा सेवाहरूको समग्र मुल्य (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना तथा कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

खिजीदेम्बा गाउँपालिकामा स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजि क्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय आर्थिक विकास सम्वाद मञ्च गठन गर्नेछ ।

खिजीदेम्बाम स्थानीय स्तरमा उत्पादन हुने सेतो सिमी, पहेलो मकै, फल्गी, डल्ले मुलाको सिन्की, आलु, रायोको साग, गुन्द्रुक, पिडालु, अकबरे खुर्सानीको अचार उत्पादन, तोरीको तेल, चौरीको घ्यु, छुर्पी, सिस्नुको धुलो, च्याउ, बेसार व्यवसायिक उत्पादन गर्न उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ । पशुपालन अन्तरगत चौरी पालन लाई प्रोत्साहन गरिनेछ ।

खिजीदेम्बा गाउँपालिकामा नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।

**छ. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

उद्योग व्यवसय सञ्चालन सम्बन्धी खुकुलो नीति अपनाइनेछ । उद्योगहरुबाट उत्पादन भएका वस्तुहरुको बजारीकरणमा सहयोग गर्ने, औधोगिक प्रदर्शनी मार्फत औधोगिक वस्तुहरुको प्रवर्द्धन गरिनेछ । व्यवसाय र व्यवसायीहरुको सुरक्षाको प्रत्याभूति दिलाइनेछ ।

औधोगिकग्राम पूर्वाधार निर्माण गर्न आवश्यक पहल गरिनेछ । उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ । खिजीदेम्बा गाउँपालिकामा स्थानीय कच्चा पदार्थ प्रयोग गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतीकरणको पहुँच पुऱ्याउन पहल गरिनेछ ।

पर्यटन विकास मार्फत आर्थिक समृद्धि हासिल गर्न खिजीदेम्बा गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछन् ।

खिजीदेम्बा गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय पथ-संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ ।

धार्मिक साँस्कृतिक पर्यटन प्रवर्द्धनको लागि विभिन्न जातजातिको भाषा, संस्कार, संस्कृतिलाई प्रोत्साहन गर्दै परम्परागत धार्मिक स्थल, चन्दीथान, बौद्ध, गुम्बा, माने तथा गुफाहरुको संरक्षण तथा संवर्द्धन गरिनेछ ।

विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ । विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टे सहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन पाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ ।

खिजीदेम्बा गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार-प्रसारका लागि डकुमेन्ट्री wesite मार्फत प्रसारण गरिनेछ । अन्तर पालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न अन्य पालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।

## ज. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

खिजीदेम्बावासी किसानको शान, अर्गानिक खिजीदेम्बा हाम्रो पहिचान भन्ने मूल नाराका साथ कृषि उत्पादनमा मानव स्वास्थ्यमा प्रतिकुल पर्ने विषादी रहित बनाई अर्गानिक उत्पादनमा जोड दिइने छ । अर्गानिक प्रमाणपत्र दिलाई अर्गानिक खिजीदेम्बाको पहिचान स्थापित गरिनेछ ।

कृषि अनुसन्धान र तालिम प्रदान गर्न नर्सरी सहितको बागबानी केन्द्र स्थापना गर्न पहल गरिनेछ । अर्गानिक कृषि उत्पादन वृद्धि गर्न कम्पोष्ट मल प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

"कृषिभूमि नराखौं खाली, खिजीको प्रमुख आलु बाली" भन्ने नाराकासाथ ५० प्रतिशत अनुदानमा आलुबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । सेतो सिमीलाई खिजीदेम्बाको पहिचान दिलाई किसानको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले दलहन बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । न्यून पूँजी भएका कृषकलाई बैंकिङ कर्जा मार्फत कृषि व्यवसाय सञ्चालन गरी आयआर्जनमा वृद्धि गर्न कृषि व्याज अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

परम्परागत र मौलिक कृषि बालीको निरन्तरता र संरक्षण गर्न रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ । गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको स्वाद दिन त्यस्ता परिकारलाई ब्राण्डको रुपमा विकास गरी त्यस्तो खाना उपलब्ध गराइनेछ ।

कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकंरण गरिनेछ । सामुहिक कृषि खेतीलाई प्रवर्द्धन गर्ने, कृषकलाई बैंक ब्याजमा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरिनेछ ।

उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै समर्थन मुल्य निर्धारण गरी बजारीकरणको लागि पहल गरिनेछ । तरकारी उत्पादनको लागि व्यवसायिक तरकारी खेतीको तालिम, प्रविधियुक्त नमूना कार्यक्रम संचालन गरिनेछ । खिजीदेम्बा गाउँपालिका स्तरीय चिस्यान केन्द्र स्थापना गरिनेछ ।



गन्बु शेर्पा
...लिका अध्यक्ष

झ. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था : २०७३

आमा समूह र महिला समूहलाई एकीकृत गरी बचत तथा ऋण सहकारी संस्था स्थापना गर्न प्रेरित गरिनेछ । सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन् गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

खिजीदेम्बा गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता गर्दा कार्यक्षेत्र किटान गरी व्यवस्थित ढंगले अघि बढाइनेछ । खिजीदेम्बा गाउँपालिका भित्र रहेका सहकारीहरुलाई व्यवस्थापन तथा लेखा तालिम सञ्चालन गरिनेछ ।

सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई अगाडि बढाइनेछ । कृषि लगायत विषयगत सहकारीलाई सम्बन्धित क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

ञ. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

निजी क्षेत्रको टेलिफोन टावर निर्माणका लागि पहल गरिनेछ । सञ्चार संस्थाहरू संगको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ । नागरिकहरुको सूचनाको हकको सुनिश्चितता गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ ।

ट. न्याय कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र रूपमा सम्पादन तथा निरुपण गर्न न्यायिक समितिलाई प्रभावकारी बनाइनेछ । न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । न्यायिक समितिमा परेका उजुरीहरुको शिघ्र निरुपणको लागि प्रत्येक वडामा भएका मेलमिलाप केन्द्रहरुलाई सुदृढीकरण गरी व्यवस्थित बनाइने छ ।

न्यायिक समितिमा सूचीकृत मेललिापकर्ताहरुको क्षमता विकासका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । न्यायिक समितिमा परेका उजुरीहरुको अभिलेखीकरणलाई अदालती ढाँचामा व्यवस्थित गरिनेछ ।

सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ । मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन तथा सचेतना कार्यक्रमहरु तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

ठ. सुशासन सम्बन्धी नीति तथा कार्यक्रम

गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने कार्यलाई व्यवस्थित गरिनेछ ।

आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्वन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवं फछ्यौंट गर्ने कार्य अगाडी बढाईनेछ । प्रत्येक

महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा वेवसाइटमा प्रकाशित गरिनेछ । गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्वन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

आधारभूत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ ।

गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचय-पत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु पहल गरिनेछ ।

सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमानयोग्य र नतिजामुखी तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ । संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ ।

**६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

**क. खानेपानी तथा सरसफाई**

खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानी वितरण प्रणालीलाई व्यवस्थित बनाइनेछ । स्थानीय जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिकाभित्र रहेका पानीका मूलहरू, जलाधार क्षेत्रहरुको संरक्षण गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ ।

खोला, नदी तथा अन्य स्रोतबाट खानेपानी आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ ।

सार्वजनिक स्थानहरुलाई हरियाली तथा सुन्दर, सफा राख्ने कार्य गरिनेछ । टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ ।

अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ । प्लाष्टिक तथा सिसाजन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोला तथा सिसाजन्य वस्तुहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ ।



जम्बु शेर्पा
पालिका अध्यक्ष

## ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन

जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्न गाउँपालिकाले वातावरण संरक्षण सम्वन्धी चेतना अभिवृद्धि गरिनेछ ।

पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गर्ने कार्यलाई अनिवार्य रूपमा लागु गरिनेछ ।

खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण गरी जल, जमिन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसर वृद्धि गरिनेछ । पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण गरी जमिन तथा जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।

विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनःस्थापनाको कार्यलाई ब्यवस्थित र प्रभावकारी वनाइनेछ । ढुंगा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।

विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ। खिजीदेम्बा गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ । सम्वेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

## ७. भौतिक पूर्वाधार विकास (ग्रामिण योजना, वस्ती विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

आवधिक योजना, आवास योजना, र वस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ । सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ती विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ । दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

आवासको हकलाइ सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ। यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ । एकिकृत वस्ती विकास योजनाद्वारा निर्दिष्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाको रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन । विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।

आवासीय भवनमा "एक घर-एक बगैंचा" कार्यक्रमलाई अवलम्वन गर्न प्ररित गरिनेछ । गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति पूर्णरुपले कार्यन्वयन गरिनेछ ।

गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ । गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

खिजीदेम्बा गाउँपालिका क्षेत्रमा उययुक्त स्थानको पहिचान गरी व्यवस्थित बसपार्क निर्माण गर्न पहल गरिनेछ । पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।

**८. राजस्व तथा आन्तरिक श्रोत परिचालन सम्बन्धी नीति तथा कार्यक्रम**

आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत उपयोग तथा बिक्री सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ । आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदारहरू संग परामर्श, समन्वय तथा साझेदारी गरिनेछ ।

करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ । प्रगतीशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरुबीच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ । खिजीदेम्बा गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरी करको दायरामा ल्याइनेछ ।

खिजीदेम्बाबाट निकासी पैठारी हुने प्राकृतिक श्रोत तथा वनजन्य जडीबुटीको विवरण संकलन गरी सूची विवरण तयार गरी करको दायरामा ल्याइनेछ । वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने नीति कार्यन्वयनमा ल्याइनेछ ।

ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ ।

कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ । स्थानीय आर्थिक ऐन बमोजिम संकलन गरिने राजश्वलाई थप पारदर्शी बनाउन तथा कर चुहावटलाई न्यूनीकरण गर्न तथा कर प्रणालीलाई थप व्यवस्थित गर्न सुत्र (Sutra) मा आधारित प्रणाली सञ्चालन गरिनेछ । सोको लागि कर्मचारीहरुको क्षमता विकास तालिम सञ्चालन गरिनेछ । करदाताको कर लगतलाइ व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाई कर सम्बन्धी सूचना प्रवाह गरिनेछ ।

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था. २०७३

धन्यवाद ।

आ.व. २०८०/८१ को यो नीति तथा कार्यक्रम पुस्तिका (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनको परिच्छेद ४ को दफा ४.८ को चरण ७ को ७.३ को ढाँचा अनुसार) विस्तृत रूपमा तयार गरिएकोछ ।



गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष